आज मिति २०८२ साल माघ महिनाको २९ गतेका दिन नरहरिनाथ गाउँपालिका, कालिकोटका अध्यक्ष श्री नगेन्द्र बहादुर विष्टको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

**समय : दिउसो १:०० बजे** **बैठक नं – ६१**

**उपस्थिति**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नगेन्द्र बहादुर विष्ट | अध्यक्ष | |
| २. | श्री कमल कुमार शाह | उपाध्यक्ष | |
| ३. | श्री जगत बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | |
| ४. | श्री प्रेम बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | |
| ५. | श्री कटक बहादुर बुढा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | |
| ६. | श्री नन्द राम सहकारी | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | |
| ७. | श्री मान बहादुर सहकारी | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | |
| ८. | श्री पौराम कामी | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | |
| ९. | श्री खाम्म बहादुर बटाला | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | |
| १०. | श्री लाल बहादुर विष्ट | वडा अध्यक्ष (वडा नं. ८)/सदस्य | |
| ११. | श्री प्रदीप बोहरा | वडा अध्यक्ष (वडा नं. ९)/सदस्य | |
| १२. | श्री अम्सरा कुमारी बुढा | सदस्य | |
| १३. | श्री थुमा सहकारी(बुढा) | सदस्य | |
| १४. | श्री वन्दना देवी शाही | सदस्य | |
| १५. | श्री सुन्केशा सहकारी | सदस्य | |
| १६. | श्री करन नेपाली | सदस्य | |
| १७. | श्री जगत बहादुर दर्जी | सदस्य | |
| १८. | श्री बालकृष्ण राना मगर | प्रमुख प्रशासकीय अधिकृत/सचिव | |

**आमन्त्रीत:**

| | | | |
|---|---|---|---|
| १. | श्री टेक बहादुर महतारा | प्रशासकीय अधिकृत (छैठौं) | |
| २. | श्री शान्ति ब. कार्की | वरिष्ठ लेखा अधिकृत | |
| ३. | श्री विपिन प्र. भट्टराई | इ. अ. | |
| | **सहयोगी कर्मचारी** | | |
| १. | गंग बहादुर बुढा | कार्यालय सहयोगी | |

Scanned with CamScanner



Scanned with CamScanner

Scanned with CamScanner



**प्रस्तावहरू**

१. सुरक्षित गर्भपतन सेवा संचालन अनुमति प्रदान गर्ने सम्बन्धमा ।

२. आ.व. २०८२/०८३ मा कार्यन्वयन हुने योजना सम्झौता सम्बन्धमा।

३. कार्यक्रम संचालनका लागि वडा तथा बस्ति छनोट सम्बन्धमा ।

४. राष्ट्रिय रोजगार कार्यक्रम संचालन सम्बन्धमा ।

५. गाउँ शिक्षा योजना निर्माण सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको सुरक्षित गर्भपतन सेवालाई सुरक्षित र भरपर्दो बनाउनको लागि वडा नं. ८ मा रहेको स्वास्थ्य चौकी लालु र वडा नं. ५ मा रहेको स्वास्थ्य चौकी रुप्सालई सुरक्षित गर्भपतन सेवा प्रद्वान गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

**निर्णय नं.२**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को स्वीकृत बजेट तथा कार्याक्रमबाट कार्यान्वयन हुने केहि योजनाहरु हालको मिति सम्म सम्झौता नभएको देखिएकोले बाँकी सम्झौता गर्न योजनाहरु सम्पूर्ण वडा कार्यालयहरुले आगामी मिति २०८२ फागुन ७ गते सम्म सम्झौता गरिसक्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको उद्योग विकास शाखाद्वारा संचालित गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम आ.व. २०८२/०८३ मा नयाँ लघु उद्यमी सृजनाका लागि वडा नं. १, २,३ र ४ छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा आ.व. २०८२/०८३ का लागि राष्ट्रिय रोजगार प्रबद्धन कार्यक्रम सञ्चालनको लागि यस नरहरिनाथ गाउँपालिका कालिकोटमा संघीय शशर्त अनुदानबाट रोजगार आयोजना सञ्चालनका लागि ज्याला रकम रु ३७,७२,०००/-(अक्षेरुपीःसैतिस लाख बहत्तर हजार रुपैया) प्रास भएकोमा थप राष्ट्रिय रोजगार प्रवर्द्धनका कार्यक्रम साझेदारी यस स्थानीय तहको साझेदारी जम्मा रकम रु २९ लाखमा श्रमिकहरुको ज्यालामा रु. १०,१६,०००/- (अक्षेरुपीः दश लाख सोह्र हजार रुपैया) गरि जम्मा ४७ लाख ८८ हजारको अदक्ष कामदारको जिल्ला रेटदरको असि प्रतिशतले हुन आउने प्रति दिनको ज्याला रकम रु ७६० का दरले ६३ जना श्रमिकहरुलाई एक सय दिनको रोजगारी प्रदान गर्ने निर्णय गरियो साथै उक्त यस स्थानीय तहको विनियोजित साझेदारी ज्याला बाहेक बाकी रहेको बजेट रु. १८,८४,०००/-(अक्षेरुपीःअठार लाख चौरासि हजार रुपैया) निर्माण सामाग्रीहरु, र बस्तु तथा सेवामा खर्च गर्ने निर्णय सर्वसहमतिले गरियो ।उक्त रोजगार आयोजना सञ्चालनको लागि संघीय सरकारबाट हस्तान्तरित शशर्त अनुदान ज्याला रकममा थप स्थानीय साझेदारी बजेटबाट तपशिल बमोजिम वडाका आयोजनाहरुमा बजेट बाडफाड गर्ने निर्णय गरियो।

बाल कृष्ण रानाभमर
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र बहादुर
अध्यक्ष

Scanned with CamScanner

| क.सं. | आयोजनाको नाम | वडा नं. | श्रमिक संख्या | ज्याला दर | रोजगारी दिन | ज्याला रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | छहरेखोला देखि नन्दा देवी मा.वि. काटवाडा हुदै लापखेत सम्म घोबा निर्माण | १ | ७ | ७६० | १०० | ५३२०००। | |
| २ | स्वास्थ्य चौकी मानिपाटा देखि ढोगन्ना हुदै भिटाघर सम्म पि.सि.सि. घोरेठो बाटो निर्माण । | २ | ७ | ७६० | १०० | ५३२०००। | |
| ३ | जनता आ.वि. देखी योगी नरहरिनाथ आधारभूत अस्पताल सम्म पि.सि.सि. घोरेठो बाटो निर्माण | ३ | ७ | ७६० | १०० | ५३२०००। | |
| ४ | राक्सि देखि स्वास्थ्य चौकी तागडा सम्म घोरेठो बाटो निर्माण । | ४ | ७ | ७६० | १०० | ५३२०००। | |
| ५ | घट्टेखोला पुल दखी माझआगन सम्म पि.सि.सि. बाटो निर्माण । | ५ | ७ | ७६० | १०० | ५३२०००। | |
| ६ | रातिमाटा स्वास्थ्य चौकी दि्ख राताखाल सम्म पि.सि.सि. बाटो निर्माण | ६ | ७ | ७६० | १०० | ५३२०००। | |
| ७ | आधारभूत स्वास्थ्य केन्द्र उच्छवको पर्खाल तथा घेरबार निर्माण | ७ | ७ | ७६० | १०० | ५३२०००। | |
| ८ | मोरा बजार देखि सरस्वती आ.वि. सम्मको पिसिसी बाटो निर्माण | ८ | ७ | ७६० | १०० | ५३२०००। | |
| ९ | भाटगाउँ चौथा देखी खाटेपडा सम्म पि.सि.सि. बाटो निर्माण । | ९ | ७ | ७६० | १०० | ५३२०००। | |
| जम्मा रकम | | | ६३ | ७६० | १०० | ४७८८०००। | |

<u>निर्णय नं. ५</u>

प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस नरहरिनाथ गाउँपालिकाको शैक्षिक क्षेत्रको समग्र विकासको लागि २०८३ साल असार मसान्त सम्म सक्ने गरि गाउँ शिक्षा समिति निर्माण गर्ने निर्णय पारित गरियो साथै सो योजना निर्माणका लागि शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको अध्यक्षतामा आवश्यक समिति निर्माण गरि निर्धारित काम सम्पन्न गर्न जिम्मेवारी प्रदान गर्ने निर्णय पारित गरियो ।

उपरोक्त बमोजिम निर्णय नं. १ देखि ५ सम्म
प्रमाणित गरिएको छ।

बाल ... मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner



Scanned with CamScanner